# किरात याक्थुङ मांगेना चुम्लुङ ( कि.या.मा.चु. )



## भूमिका :

लिम्बु जाति नेपाल सरकारद्वारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरूमध्ये एक आदिवासी जनजाति हो र यसलाई अविकसित र सुविधाबाट बञ्चित वर्गमा राखिएको छ । लिम्बुहरू बाक्लो बसोबासको क्षेत्र नेपालका पूर्वीय क्षेत्रका तेह्रथुम, धनकुट्टा, ताप्लेजुङ, पाँचथर, इलाम, सुनसरी, झापा र मोरङ आदि जिल्लाहरूमा र रहेका छन् । नेपाल केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार लिम्बुहरूको हालको जनसंख्या जम्मा ३,५९,३७९ रहेको छ । जसमा ५१ प्रतिशत महिलाहरूले जनसंख्या रहेको छ । लिम्बु समुदायको आफ्नै भाषा, संस्कृति, परम्परा र भेषभूषाहरू छन् जसले गर्दा उनीहरू अन्य समुदाय भन्दा पृथक देखिन्छन् ।

किरात याक्थुङ मांगेना चुम्लुङ (कि.या.मा.चु.), लिम्बु महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्द्धन र प्रबर्द्धन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफारहित स्वतन्त्र, गैर राजनीतिक संस्था हो । यो संस्था २०६१ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता हुनुका साथै समाज कल्याण परिषद्मा पनि आवद्ध भई सकेको छ । कि.या.मा.चु.. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरूको छाता संगठनको पनि एक सदस्य पनि हो ।

किरात याक्थुङ मांगेना चुम्लुङ (कि.या.मा.चु.), को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३/३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट ९ सदस्यीय केन्द्रिय कार्यकारिणी

समितिको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीति, नियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

## सांगठनिक ढाँचा




## दिर्घकालिन सोच :

लिम्बु महिलाहरूलाई राष्ट्र विकास प्रकृयामा समाहित गराउँदै जातीय, भाषिक, धार्मिक र लैङ्गिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## ध्येय :

समाजमा रहेका लिम्बु महिलाहरूलाई ग्रामिण तहदेखि जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर सम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातीय विभेदहरूलाई हटाउन योगदान पुऱ्याउने ।

## उद्देश्यहरू :

१. लिम्बु महिलाहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक र जातीय पहिचानप्रति सचेत गराउने ।
२. लिम्बु महिलाहरूलाई परम्परागत ज्ञान र संस्कृति प्रर्वद्धन गर्न विभिन्न अध्ययन, अनुसन्धान र अभिलेखीकरण गर्ने ।
३. लिम्बु महिलाहरूलाई विविघ सिपमूलक तालिम र क्षमता अभिवृद्धि तालिम आदि दिई सशक्तीकरण गर्दै लैजाने ।
४. लिम्बु महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने
५. आदिवासी जनजाति तथा महिलाहरूको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
६. लिम्बु  महिलाहरूको हक र अधिकार स्थापित गर्नको लागि विभिन्न क्रियाकलाप गर्ने ।

## कार्यक्रम/कृयाकलापः

कि.या.मा.चु.ले स्थापना कालदेखि निम्न कार्यक्रम/कृयाकलापहरू सम्पादन गर्दै आएको छ :
१. भाषा तथा संस्कृति जगेरना गर्ने खालका कार्यक्रम

- आत्म पहिचान

- पेटेण्ड राइट
- परम्परागत सीपको जीवितता
- सांस्कृतिक आधिपतित्यताको निरन्तरता
- राष्ट्रिय विकासको लागि विभिन्न गतिविधिहरू

२. लिम्बु महिलाहरूलाई सशक्तीकरण गर्ने कार्यक्रम:

- महिला अधिकारबारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यक्रमहरू
- समावेशीमूलक सहभागिता सम्बन्धी शिक्षा
- मूलप्रवाहिकरणको प्राप्ती

३. लिम्बु महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका साथै स्थानीय स्रोत साधनमा पहुँचको लागि कार्यक्रमहरू

४. लिम्बु महिलाहरूको हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरू

५. कि.या.मा.चु.सँग साझा सवालहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार

६. कि.या.मा.चु..को जिल्ला/गाउँ/इकाई समिति गठन

## कार्यक्रमको मुख्य उपलब्धिहरू :

१. लिम्बु महिलाहरू आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तीकरण भएका हुनेछन् ।

२. किरात याक्थुङ मांगेना चुम्लुङको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३. लिम्बु महिलाहरू ले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४. लिम्बु महिलाहरूको भाषा तथा संस्कृति जगेरना भएको हुनेछ ।
५. लिम्बु महिलाहरूको हक र अधिकार स्थापित भएको हुनेछ ।
६. लिम्बु महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

## ठेगाना :

किरात याक्थुङ मांगेना चुम्लुङ ( कि.या.मा.चु. )
केन्द्रिय कार्यालय
अनामनगर , काठमाडौं
फोन : 014672637, 9841811949
**Email :** manggena@yahoo.com